जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९

"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभआरम्भ

Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २८३ | २०८३ साल जेठ १५ गते शुक्रवार | Friday-29-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रू.५/-

## दशगजामा दाहसंस्कार : राज्यको बेवास्ताले सीमामा पुगेको अन्तिम संस्कार

***शु.आ. सम्बाददाता***
***कलैया, १४ जेठ***



सीमावर्ती गाउँ मटिअर्वामा एउटा यस्तो पीडा छ, जुन विकासका भाषणमा कहिल्यै सुनिँदैन । यहाँका नागरिकले जन्म नेपालमा लिन्छन्, जीवन नेपालमै बिताउँछन्, कर नेपाललाई तिर्छन्, तर मृत्यु भएपछि आफ्नै भूमिमा सम्मानपूर्वक दाहसंस्कार गर्ने ठाउँ पाउँदैनन् । परिणामतः उनीहरू वर्षौंदेखि नेपाल-भारत सीमास्थित दशगजा क्षेत्र र भारतीय भूभाग नजिक अन्त्येष्टि गर्न बाध्य छन् ।

कलैया उपमहानगरपालिका-१० मटिअर्वाका स्थानीयका अनुसार नेपालतर्फ व्यवस्थित श्मशान घाट नहुँदा सीमाक्षेत्र नै अन्तिम विकल्प बनेको हो । स्थानीय बिन्दा राम, परशुराम प्रसाद सोनार र प्रमोद प्रसाद चौरसियाले दशकौँदेखि आदापुर, लालाछपरा र कटहरिया आसपासको भारतीय सीमाक्षेत्र नजिक दाहसंस्कार हुँदै आएको बताएका छन् ।

तर प्रश्न केवल परम्पराको होइन, राज्यको जिम्मेवारी र सीमा सुरक्षासँग जोडिएको संवेदनशील विषयको पनि हो ।

दशगजा कुनै सामान्य खाली जमिन होइन । यो नेपाल र भारतबीचको संवेदनशील सीमा रेखा हो, जहाँ स्थायी संरचना निर्माणदेखि सामान्य गतिविधिसम्म सुरक्षा निकायको निगरानी रहने गर्दछ । यस्ता क्षेत्रमा हुने धार्मिक तथा सामाजिक गतिविधिले भविष्यमा कानुनी जटिलता निम्त्याउन सक्ने जानकारहरू बताउँछन् ।

स्थानीयवासीहरू भने आफूहरूलाई दोष दिनुभन्दा पहिले राज्यले आफ्नो दायित्व हेर्नुपर्ने बताउँछन् । "श्मशान घाट नै छैन भने मानिसले अन्तिम संस्कार कहाँ गर्ने ?" भन्ने उनीहरूको प्रतिप्रश्न छ ।

वर्षौंदेखि जनप्रतिनिधि फेरिए, बजेट आए-गए, विकासका योजना घोषणा भए, तर मटिअर्वावासीको आधारभूत आवश्यकता भने अझै ओझेलमै छ । सडक, भवन र गेट निर्माणमा करोडौं खर्च गर्ने निकायले एउटा व्यवस्थित श्मशान घाट बनाउन नसक्नु विडम्बनापूर्ण भएको स्थानीयको गुनासो छ ।

सीमाक्षेत्रमा दाहसंस्कार भइरहँदा भविष्यमा नेपाल-भारत सम्बन्ध, सीमा

बाँकी तेश्रो पृष्ठमा

## पक्की सडक कि अन्न सुकाउने चौतारो ?

***बारा, १४ जेठ***



"सिंहदरबारको अधिकार गाउँघरमा" भन्ने नारासहित देशमा संघीय शासन व्यवस्था लागू भएको झण्डै एक दशक पुग्न लागेको छ। तीन तहका सरकार गठनपछि गाउँगाउँमा सडक, ढलान तथा पूर्वाधार निर्माण तीव्र रूपमा बढेको छ । पहिले हिलो र धुलोले हैरान हुने ग्रामीण बस्ती अहिले पक्की सडकसँग जोडिएका छन् । तर विकाससँगै अर्को गम्भीर समस्या पनि बढ्दै गएको छ–सार्वजनिक सडकको अव्यवस्थित प्रयोग र अतिक्रमण ।

विशेषगरी ग्रामीण क्षेत्रमा निर्माण भएका ढलान तथा कालोपत्रे सडक अहिले आवतजावतभन्दा बढी अन्नबाली सुकाउने थलो बन्न थालेका छन् । मकै, गहुँ, धान लगायतका अन्नबाली सिजनमा स्थानीयहरूले सडकभरि फैलाएर सुकाउने प्रवृत्ति बढ्दा दुर्घटनाको जोखिम समेत बढेको छ । फेटा गाउँपालिका वडा नं. ७ गम्हरियामा बुधबार यस्तै लापरवाहीका कारण ठूलो दुर्घटना हुनबाट जोगिएको घटना सार्वजनिक भएको छ । स्थानीयका अनुसार सडकको ढलान भागमै मकै सुकाइएको अवस्थामा मोटरसाइकल चालक रंजित कुमार अनियन्त्रित हुन पुगेका थिए । सडकमा छरिएको मकैका कारण मोटरसाइकल चिप्लिन खोजेपछि उनी दुर्घटनाबाट मुस्किलले जोगिएका थिए । स्थानीय बासिन्दाका अनुसार गाउँका धेरै सडक अहिले "सार्वजनिक बाटो" भन्दा पनि "घरको आँगन" जस्तै प्रयोग हुन थालेका छन् । कतै मकै सुकाइन्छ, कतै गहुँ थुपारिन्छ भने कतिपय स्थानमा निर्माण सामग्री नै सडकमा राख्ने गरिएको छ । यसले पैदलयात्री, साइकल तथा मोटरसाइकल चालक सबैलाई जोखिममा पारिरहेको छ ।

स्थानीय युवाहरू भन्छन्, विकासको नाममा बनेका सडक यदि सुरक्षित रूपमा प्रयोग हुन सकेनन् भने त्यसको औचित्य नै हराउँछ । करोडौं खर्च गरेर बनाइएका सडक जनताको सुविधाका लागि हुन्, व्यक्तिगत उपयोगका लागि होइनन् भन्ने चेतना अभाव देखिएको उनीहरूको भनाइ छ । यातायात जानकारहरूका अनुसार सडकमा अन्न सुकाउँदा दुई प्रकारका जोखिम हुन्छन् । पहिलो, सवारी चिप्लिने सम्भावना बढ्छ । दोस्रो, चालकको ध्यान विचलित हुँदा आकस्मिक दुर्घटना हुन सक्छ । विशेषगरी रातिको समयमा यस्ता गतिविधि झन् खतरनाक हुने बताइन्छ । स्थानीय तह र वडा कार्यालयहरू भने यस विषयमा प्रभावकारी रूपमा प्रस्तुत हुन नसकेको आरोप लागिरहेको छ । सार्वजनिक सडकको संरक्षण र सुरक्षित प्रयोग सुनिश्चित गर्ने जिम्मेवारी स्थानीय सरकारकै भए पनि ग्रामीण क्षेत्रमा अनुगमन र सचेतनामूलक अभियान कमजोर देखिएको छ । गम्हरियाको घटनाले फेरि एउटा गम्भीर प्रश्न उठाएको छ के विकास केवल सडक निर्माणसम्म सीमित हो, कि त्यसको सुरक्षित र व्यवस्थित प्रयोग सुनिश्चित गर्नु पनि सरकार र नागरिकको साझा दायित्व हो ?

स्थानीयहरूले अब गाउँपालिकाले सार्वजनिक सडक अतिक्रमण रोक्न स्पष्ट मापदण्ड लागू गर्नुपर्ने, जनचेतना अभियान चलाउनुपर्ने तथा लापरबाही गर्नेहरूमाथि कारबाही गर्नुपर्ने माग गरेका छन् ।

## लालबकैया नदीमा सेटिङमा ब्रह्मलुटः प्रहरी र जनप्रतिनिधिकै संरक्षणमा अवैध उत्खनन तीव्र

***शु. आ. सम्बाददाता***
***रौतहट, १४ जेठ***



जिल्लाको पश्चिमी भेग भएर बग्ने लालबकैया नदी यतिबेला नीति-नियम र कानुनको धज्जी उडाउँदै भइरहेको व्यापक अवैध उत्खननका कारण अस्तित्वको संकटमा परेको छ । कानुनी रूपमा टेण्डर प्रक्रिया पूरा नभएको अवस्थामा पनि नदीका विभिन्न घाटबाट दैनिक सयौंको संख्यामा ट्र्याक्टरहरूले ढुंगा, गिटी र बालुवा ओसारपसार गरिरहेका छन् ।

स्थानीयका अनुसार यो दोहन चोरी-छिपे नभई सुरक्षा निकाय केही जनप्रतिनिधि जिल्ला अनुगमन समितिका पदाधिकारी र तस्करहरूबीचको कथित सेटिङमा खुलेआम भइरहेको छ ।

गुजरा नगरपालिका र फतुवा विजयपुर नगरपालिका अन्तर्गत पर्ने जंगलसहिया, सिमरी, राँगी तथा बोटावा घाटहरू अहिले अवैध उत्खननका मुख्य केन्द्र बनेका छन् । बिहानैदेखि अबेर रातिसम्म ती घाटहरूमा नदीजन्य पदार्थ निकाल्ने र ढुवानी गर्ने कार्य निर्वाध चलिरहेको छ ।

फतुवा विजयपुर नगरपालिकामा तत्कालीन मेयर गोपाल राय यादव नदी ठेक्का सम्बन्धी भ्रष्टाचार मुद्दामा दोषी ठहरिएपछि टेण्डर प्रक्रिया अलपत्र परेको छ । कार्यवाहक मेयर अम्बेया खातुनले हालसम्म नयाँ प्रक्रिया अघि बढाउन नसक्दा त्यसको प्रत्यक्ष लाभ तस्कर समूहले उठाइरहेका छन् । उता गुजरा नगरपालिकामा पनि विगत दुई वर्षदेखि टेण्डर नखुल्दा नदी क्षेत्र खुला कमाइको स्रोत बनेको स्थानीयको आरोप छ ।

स्रोतका अनुसार अवैध उत्खननमा संलग्न ट्र्याक्टर व्यवसायीहरूले विभिन्न सुरक्षा पोस्टहरूलाई मासिक रूपमा मोटो रकम बुझाउने गरेका छन् । इलाका प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी बेस क्याम्प विजयपुर लक्ष्मिनियामा प्रति ट्र्याक्टर मासिक ४ हजार रुपैयाँसम्म बुझाउने गरिएको दाबी गरिएको छ ।

रकम बुझाएकै कारण प्रहरी कार्यालयकै अगाडिबाट नदीजन्य पदार्थ बोकेका ट्र्याक्टरहरू निर्धक्क ओहोरदोहोर गर्छन् तर प्रहरी मौन छ स्थानीय समाजसेवी मैनुदिन अन्सारीले भने ।

केही जनप्रतिनिधिले त आफ्नै ट्र्याक्टरहरू प्रयोग गरेर उत्खनन गरिरहेको र कतिपयले आर्थिक प्रलोभनमा परेर मौन समर्थन दिइरहेको अवस्थाले नदी दोहन नियन्त्रण बाहिर गएको छ ।

अवैध उत्खनन र क्षमताभन्दा बढी

बाँकी तेश्रो पृष्ठमा

## परोहाका दुई माध्यमिक विद्यालय वर्षौंदेखि विव्यस विहीनः शैक्षिक भविष्यमाथि खेलबाड प्रशासनिक कार्य ठप्प

***शु. आ. सम्बाददाता***
***रौतहट, १४ जेठ***




नेपाल सरकारले २०६८ जेठ ११ गते विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्दै राजनीतिक हस्तक्षेपमुक्त र शैक्षिक सुधारको प्रतिबद्धता जनाएको थियो । तर रौतहटको परोहा नगरपालिकामा भने सरकारी घोषणाको उपहास भइरहेको छ । नगरपालिकाको वडा नं. २ स्थित मावि जिङगड्वा बेलविछवा र वडा नं. ३ स्थित मावि तेजापाकड विगत लामो समयदेखि विद्यालय व्यवस्थापन समिति विव्यस विहीन हुँदा शैक्षिक र प्रशासनिक अराजकता चुलिएको छ ।

**जिङगड्वामा १० वर्ष र तेजापाकडमा ४ वर्षदेखि रिक्तता**

शिक्षा नियमावली २०५९ र शिक्षा ऐन २०२८ संशोधन सहितको दफा १२ मा अभिभावक भेलाबाट विव्यस गठन गर्नुपर्ने स्पष्ट व्यवस्था छ । तर जिङगड्वा बेलविछवा माध्यमिक विद्यालयमा विगत १० वर्षदेखि विव्यस गठन हुन सकेको छैन । पूर्व अध्यक्ष सहदेव राय यादवको निधन भएपछि विद्यालय प्रशासनले नयाँ समिति गठनका लागि कुनै ठोस सूचना समेत निकाल्न सकेको छैन ।

यता तेजापाकड माध्यमिक विद्यालयमा पनि विगत ४ वर्षदेखि विव्यस रिक्त छ । गत वैशाख ११ गते सूचना निकालेर १९ गतेका लागि अभिभावक भेला बोलाइए पनि दलीय र व्यक्तिगत स्वार्थका कारण प्रक्रिया अघि बढ्न सकेको छैन । सो भेलामा विभिन्न पदका लागि ४४ जनाले आवेदन दिएका थिए । तर सहमति जुट्न नसक्दा पटक-पटक भेला स्थगित हुँदै आएको छ । हस्तक्षेप गरेर भए पनि गठन गर्नुपर्ने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले विद्यालयको यो अवस्थाप्रति दुख व्यक्त गर्नुभएको छ । उहाँका अनुसार राज्यका हरेक निकायमा परिवर्तन आए पनि विद्यालयमा सहमति हुन नसक्नु विडम्बनापूर्ण छ । शर्माले भन्नुभयो, सहमति जुट्न नसकेको अवस्थामा अब नियमसंगत रूपमा हस्तक्षेप गरेर भए पनि समिति गठनको प्रक्रिया टुंग्याउनुपर्ने आवश्यकता देखिएको छ । विद्यालयमा अभिभावकहरूको प्रतिनिधित्व गर्ने आधिकारिक निकाय नहुँदा दैनिक कार्यसम्पादनमा गम्भीर असर परेको छ । स्थानीयका अनुसार विव्यस नभएकै कारण निम्न समस्याहरू उत्पन्न भएका छन्: दरबन्दी मिलान र शिक्षकहरूको पदपूर्ति प्रक्रिया रोकिएको ।

शिक्षकहरूको ग्रेड वृद्धि, तलब वृद्धि र अन्य सेवा सुविधाहरू सिफारिस हुन नसकेको । कक्षा वृद्धि र विद्यालयको भौतिक संरचना निर्माणका लागि हुने सिफारिसहरू ठप्प । विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने नीतिगत निर्णयहरू हुन नसकेको ।

बाँकी तेश्रो पृष्ठमा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका

## शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी

प्रकाशक : अनिल पाण्डेय
प्रधान सम्पादक : दिपेन्द्र कुमार उपाध्याय
सम्पादक : श्याम बिहारी साह केशरी
कार्यकारी सम्पादक : उमेश दुवे
समाचार सम्पादक : आ.के. ठाकुर
कानुनी सल्लाहकार : प्रभातचन्द्र दाहाल
कम्प्यूटर अपरेटर : कृष्णा गुप्ता
सम्पर्क नम्बर : ९८४५२२६३०५
सम्पर्क कार्यालय : कलैया-१४, बघवन (बारा)
मुद्रक : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा)

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

### लिचीले ल्याएको बजारको मिठास

गर्मी बढेसँगै बारा सदरमुकाम कलैयाको बजार फेरि मौसमी फलफूलको रौनकले भरिन थालेको छ । विशेषगरी लिचीको व्यापारले यतिबेला बजारलाई थप चलायमान बनाएको देखिन्छ । सडक किनार, हाटबजार र फलफूल पसलहरुमा लिची बेच्ने व्यापारीहरुको भीड बढ्दो छ भने उपभोक्ताको आकर्षण पनि उत्तिकै देखिन्छ । लिची गर्मीयाममा स्वाद र शीतलताको प्रतीकका रुपमा परिचित फल हो । यही कारण बालबालिकादेखि वृद्धसम्म सबैको रोजाइमा यो फल पर्न थालेको छ । बिहानदेखि साँझसम्म कलैया बजारमा लिची किन्नेहरुको भीड लाग्नु केवल मौसमी व्यापारको संकेत मात्र होइन, उपभोक्ताको बदलिँदो जीवनशैली र खानपान संस्कृतिको झल्को पनि हो ।

अहिले बजारमा सय पिस लिचीको मूल्य ४०० देखि ५०० रुपैयाँसम्म पुगेको छ । मूल्य केही महँगो भए पनि उपभोक्ताले ताजा र गुणस्तरीय फल पाउन थालेपछि खरिदमा कमी आएको छैन । व्यापारीहरुका अनुसार गर्मी बढेसँगै लिचीको माग अझै बढ्ने सम्भावना छ ।

तर, यससँगै अर्को महत्वपूर्ण प्रश्न पनि जोडिएको छ– किन अझै स्थानीय उत्पादनभन्दा बाहिरी आपूर्तिमा निर्भर रहनुपरेको छ ? कलैया तथा आसपासका क्षेत्रमा लिची खेतीको पर्याप्त सम्भावना हुँदाहुँदै पनि व्यावसायिक उत्पादन विस्तार हुन सकेको छैन । यदि किसानलाई आवश्यक प्रोत्साहन, प्रविधि र बजारको सुनिश्चितता दिन सकियो भने लिची केवल मौसमी व्यापार होइन, स्थानीय अर्थतन्त्रको बलियो आधार बन्न सक्छ ।

मौसमी फलफूलको व्यापारले साना व्यापारी, ठेला व्यवसायी र स्थानीय बजारलाई आर्थिक रुपमा चलायमान बनाउने काम गर्छ । त्यसैले लिचीको व्यापारलाई केवल उपभोगको विषय नभई कृषि उत्पादन, रोजगारी र स्थानीय अर्थतन्त्रसँग जोडेर हेर्नुपर्ने आवश्यकता देखिन्छ ।

कलैया बजारमा फैलिएको लिचीको मिठासले एउटा सकारात्मक संकेत दिएको छ– यदि स्थानीय उत्पादन र बजार व्यवस्थापनलाई सही दिशा दिन सकियो भने यस्ता मौसमी व्यापारले आर्थिक गतिविधिमा नयाँ ऊर्जा थप्न सकिन्छ ।

# स्वास्थ्य उपचार नागरिकको संवैधानिक हक



सञ्जीव कार्की

संविधानद्वारा प्रत्याभूत आधारभूत अधिकारहरू–खाना, नाना र छानाजस्ता न्यूनतम जीवनोपयोगी आवश्यकताहरूको प्रभावकारी कार्यान्वयनमै चुनौती विद्यमान रहेको वर्तमान परिप्रेक्ष्यमा स्वास्थ्यसम्बन्धी हकको पूर्ण ग्यारेन्टी तथा यसको व्यावहारिक सुनिश्चितताको प्रश्न केही अस्वाभाविक वा आदर्शवादी प्रतीत हुन सक्छ । तथापि, स्वस्थ नागरिकबाट नै स्वस्थ समाज र स्वस्थ समाजबाट नै समुन्नत तथा स्थिर राष्ट्रको निर्माण सम्भव हुने भएकाले नागरिकले राज्यबाट सहज, सुलभ तथा समान पहुँचसहित स्वास्थ्य सेवा प्राप्त गर्नु आधुनिक राज्य व्यवस्थाले स्वीकार गरेको आधारभूत तथा नैसर्गिक अधिकारको विषय हो । यही मान्यतालाई आत्मसात् गर्दै राज्यले प्रत्येक नागरिकको स्वास्थ्य उपचारसम्बन्धी अधिकारलाई संविधानअन्तर्गत मौलिक हकका रूपमा संस्थागत गरी स्वस्थ जीवनयापनको अधिकारप्रति आफ्नो संवैधानिक प्रतिबद्धता र उत्तरदायित्व अभिव्यक्त गरेको छ । साथै, राज्यले जनस्वास्थ्य तथा शिक्षाजस्ता आधारभूत सामाजिक अधिकारलाई आफ्नो मूल कानुनमा समावेश गरी कल्याणकारी राज्यको अवधारणालाई संवैधानिक वैधता प्रदान गरेको कुरा नवनिर्वाचित सरकार र जनप्रतिनिधिलाई अवगत गराउने हेतु यस आर्टिकलको रहेको छ ।

स्वास्थ्यसम्बन्धी संवैधानिक प्रबन्ध : नेपालको संविधान २०७२ को भाग ३ अन्तर्गत मौलिक हक तथा कर्तव्यसम्बन्धी धारा ३५ ले स्वास्थ्यसम्बन्धी हकलाई स्पष्ट रूपमा संवैधानिक मान्यता प्रदान गरेको छ । उक्त धाराअनुसार प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने अधिकार हुनेछ र कुनै पनि नागरिकलाई आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन । त्यसैगरी, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारसम्बन्धी जानकारी प्राप्त गर्ने अधिकार तथा प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक सुनिश्चित गरिएको छ । यस प्रकार संविधानले स्वास्थ्यलाई केवल सेवाको विषयका रूपमा नभई नागरिकको मौलिक अधिकारका रूपमा संस्थागत गरेको देखिन्छ ।

संविधानद्वारा प्रत्याभूत यस्ता अधिकारहरूको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न राज्यलाई निरन्तर खबरदारी गर्नु तथा अधिकारको व्यावहारिक प्रत्याभूतिको पक्षमा आवाज उठाउनु प्रत्येक सचेत नागरिकको लोकतान्त्रिक दायित्वभित्र पर्दछ । विशेषतः स्वास्थ्य क्षेत्रसँग प्रत्यक्ष सरोकार राख्ने विज्ञ, स्वास्थ्यकर्मी, बौद्धिक समुदाय तथा सामाजिक अभियन्ताहरूको भूमिका यस सन्दर्भमा अझ महत्वपूर्ण मानिन्छ । यही सन्दर्भमा डा. गोविन्द केसी ले २०६९ साउन २१ गतेदेखि औपचारिक रूपमा सत्याग्रह तथा अनशन आन्दोलन प्रारम्भ गरी हालसम्म २२ पटकभन्दा बढी अनशन तथा २ सय ७० दिनभन्दा बढी समय स्वास्थ्य क्षेत्र सुधारको पक्षमा अनशन बसेका छन् । औपचारिक आन्दोलन प्रारम्भ हुनुभन्दा अघिदेखि नै उनले नेपालको स्वास्थ्य सेवा प्रणालीमा विद्यमान संरचनागत विकृति, असमानता, व्यापारीकरण तथा नीतिगत विसंगतिविरुद्ध प्रत्यक्ष तथा परोक्ष रूपमा निरन्तर आवाज उठाउँदै आएका छन् । २०६९ पछि प्रधानमन्त्री बनेका प्रचण्ड, शेरबहादुर, केपी ओली, बाबुराम, भट्टराई, सुशील कोइराला हुँदै मन्त्रिपरिषद् अध्यक्ष बनेका खिलराज रेग्मीको कार्यकालसम्म अनशनमार्फत जनताको आवाज मुखरित गरेको तथ्य सार्वजनिक जानकारीमा नै छ । डा. केसीले नेतृत्व गरेको सत्याग्रह आन्दोलनको माध्यमबाट नेपालको स्वास्थ्य क्षेत्रमा रहेको विकृति शिक्षामा गरिएको चरम व्यापारीकरण, माफियाकरण र गरिबका छोराछोरीको पहुँच बाहिर पुऱ्याइएको स्वास्थ्य शिक्षामा केही परिवर्तन जरुर आएका छन् । तर ती पर्याप्त छैनन् । डा. केसीसँगका गरिएका हरेक सम्झौता कार्यान्वयनमा आएका भए आज देखिएका जति स्वास्थ्य समस्या देखिने थिएनन् । तमाम प्रयास र आन्दोलनको मक्सद आमूल परिवर्तन र शिक्षा र स्वास्थ्यमा जनताको समान पहुँचको स्थिति निर्माण गरी संविधानले प्रत्याभूत गरेको हक आम नेपालीको लागि आवश्यकता र औचित्यको आधारमा बराबर र सराबर गर्नको लागि थियो । स्वास्थ्यमा समान पहुँचको अवधारणा कार्यान्वयनको लागि थियो । विभेदरहित शिक्षा र स्वास्थ्य आम नेपालीको हक स्थापित गर्नको खातिर केसीको अभियान केन्द्रित छ । नेताहरूको लागि स्वास्थ्य सेवा विदेशका महँगा अस्पतालमा सहज छ । त्यसको खर्च सरकारहरूले बेहोर्ने गरेका छन् । सरकार नभए माफिया, दलाल र व्यापारीले तिरिदिएका छन् । त्यसरी मुनाफाखोरले रकम तिरिदिएपछि राज्यसँग र सरकारसँग पार्टीहरूसँग प्रत्यक्ष, परोक्ष अनेक नाजायज सौदाबाजी गरेर रकम असुलउपर गर्छन् नै त्यसैले जनताको स्वास्थ्य अलपत्र पारेर नेताको स्वास्थ्य र उपचार मात्रको लागि काम गर्ने सरकारले स्वास्थ्यमा समान पहुँचको अवधारणालाई लागू गरेको छैन ।

उपचारमा घरखेत : राज्यसत्तासँग आबद्ध उच्च पदस्थ राजनीतिक नेतृत्व र कर्मचारीतन्त्रले उपचारका लागि राज्यकोषबाट व्यापक सुविधा प्राप्त गर्ने, तर ग्रामीण क्षेत्रका नागरिक सामान्य औषधि, आकस्मिक उपचार तथा प्रसूति सेवाको अभावमा अकाल मृत्यु भोग्न बाध्य हुने अवस्था नेपालको स्वास्थ्य प्रणालीभित्र विद्यमान गहिरो असमानताको द्योतक हो । संविधानले स्वास्थ्यमा समान पहुँचको प्रत्याभूति गरे पनि व्यवहारमा स्वास्थ्य सेवा वर्गीय तथा पहुँच केन्द्रित विशेषाधिकारका रूपमा विकसित भएको देखिन्छ ।

सामान्य नेपाली नागरिक बिरामी पर्दा सर्वप्रथम आफ्नै सीमित स्रोत प्रयोग गर्न बाध्य हुन्छ । उपचार खर्च धान्न नसकेपछि उसले पशुचौपाया, गरगहना, घरजग्गा तथा खेतबारीसमेत बिक्री गर्ने, ऋणधन गर्ने र अन्ततः सार्वजनिक सहयोगको याचना गर्नुपर्ने स्थिति सिर्जना हुन्छ । अझ आर्थिक उपयोगिता गुमाउँदै गएको ग्रामीण जमिनको सन्दर्भमा उपचारका लागि सम्पत्ति बेच्ने विकल्पसमेत क्रमशः अव्यावहारिक बन्दै गएको छ । फलतः गम्भीर रोग लागेपछि धेरै नागरिक उपचारभन्दा नियतिको प्रतीक्षामा बस्न विवश देखिन्छन् । यसका विपरीत, आर्थिक रूपमा सक्षम तथा पर्याप्त स्रोतसाधन भएका राजनीतिक नेतृत्वले राज्यकोषबाट असिमित उपचार सुविधा लिनु सामाजिक न्याय र नैतिक उत्तरदायित्वका दृष्टिले गम्भीर प्रश्नको विषय बनेको छ ।

पीडाको अनुभव वर्ग, पद वा आर्थिक हैसियतअनुसार फरक नहुने भए पनि राज्यको व्यवहारमा सर्वसाधारण नागरिक र सत्तासीन अभिजनबीच स्पष्ट विभेद देखिन्छ । यसले संविधानले परिकल्पना गरेको समान नागरिकताको अवधारणामाथि नै प्रश्न उठाउँछ । यस्तो परिस्थितिमा स्वास्थ्य क्षेत्रको असमानता, सार्वजनिक स्रोतको दुरुपयोग तथा राज्यको नैतिक विचलनबारे निरन्तर प्रश्न उठाउनु र सार्वजनिक विमर्श सिर्जना गर्नु सचेत नागरिकको लोकतान्त्रिक दायित्व हो । डा. गोविन्द केसीको सत्याग्रहपछि नेपालको स्वास्थ्य क्षेत्रभित्र विद्यमान संरचनागत असमानता, चिकित्सा शिक्षाको व्यापारीकरण, नियमनहीन सम्बन्धन वितरण तथा स्वास्थ्य सेवामा विकसित नाफामुखी प्रवृत्तिबारे व्यापक सार्वजनिक विमर्श सम्भव भएको देखिन्छ । यस प्रक्रियाले स्वास्थ्यलाई नागरिकको अधिकारका रूपमा बुझ्ने तथा राज्यसँग जवाफदेहिता माग गर्ने चेतनाको विकासमा योगदान पुऱ्याएको छ । डा. केसीको आन्दोलनअघि चिकित्सा शिक्षा क्षेत्र विश्वविद्यालयको क्षमताभन्दा बाहिर सम्बन्धन विस्तार, काठमाडौंकेन्द्रित मेडिकल कलेजको असन्तुलित वृद्धि, अव्यवस्थित सिट वितरण तथा उच्च शुल्कमार्फत सीमित वर्गलाई मात्र पहुँच दिने दिशामा उन्मुख थियो । यस्तो प्रवृत्तिले चिकित्सा शिक्षाको गुणस्तर, व्यावसायिक दक्षता तथा समग्र स्वास्थ्य प्रणालीमाथि गम्भीर प्रश्न खडा गरिरहेको थियो । यसै सन्दर्भमा डा. केसीले चिकित्सा शिक्षामा देखिएको अराजकता, राजनीतिक संरक्षण र माफियाकरणविरुद्ध निरन्तर खबरदारी गरे । संघर्षको परिणामस्वरूप चिकित्सा शिक्षा ऐन तथा चिकित्सा शिक्षा आयोगको स्थापना सम्भव भएको मानिन्छ, जसले चिकित्सा शिक्षालाई संस्थागत नियमनको दायरामा ल्याउने प्रयास गरेको छ । यद्यपि, ऐन कार्यान्वयनमा सरकारहरूको अनिच्छा, राजनीतिक हस्तक्षेप तथा निजी स्वार्थ समूहको प्रभाव अझै पनि चुनौतीका रूपमा विद्यमान छन् । निजी मेडिकल क्षेत्रमा प्रमुख राजनीतिक दलसँग आबद्ध प्रभावशाली समूहहरूको लगानी र स्वार्थ गाँसिएको आरोप बारम्बार उठ्दै आएको छ । परिणामतः स्वास्थ्य क्षेत्रका विकृतिहरूको संस्थागत समीक्षा गर्नुको सट्टा सम्पूर्ण असफलताको दोष एकल रूपमा डा. केसीमाथि थोपर्ने प्रवृत्ति विकसित भएको देखिन्छ । दशकौंदेखि सादगीपूर्ण जीवनशैली र सार्वजनिक स्वास्थ्य सुधारको अभियानमा संलग्न व्यक्तिलाई तथ्यपरक विश्लेषणभन्दा राजनीतिक पूर्वाग्रहका आधारमा विवादित बनाउने प्रयासले नेपालको बौद्धिक तथा सार्वजनिक विमर्शको संकटलाई समेत उजागर गर्छ ।

स्वास्थ्य र शिक्षाजस्ता संवेदनशील क्षेत्रलाई सार्वजनिक उत्तरदायित्वभन्दा बढी नाफामुखी उद्योगका रूपमा सञ्चालन गर्ने प्रवृत्तिविरुद्ध डा. केसीको आन्दोलन मूलतः राज्यको संवैधानिक दायित्वको स्मरण गराउने नागरिक खबरदारीका रूपमा देखिन्छ । तर आन्दोलनका क्रममा गरिएका सहमति कार्यान्वयन नगर्ने, आन्दोलन मत्थर भएपछि पुनः व्यापारी र शक्तिकेन्द्रित स्वार्थतर्फ फर्किने सरकारी प्रवृत्तिले स्वास्थ्य क्षेत्र सुधारको प्रक्रिया निरन्तर अवरुद्ध हुँदै आएको छ ।

सुदूर ग्रामीण क्षेत्रमा शिक्षा र स्वास्थ्यको अवस्था अत्यन्तै नाजुक छ भने सहरकेन्द्रित शिक्षा र स्वास्थ्य आम मान्छे (सर्वसाधारण नेपाली) को कल्पना बाहिरको विषय बनेको छ । सरकारलाई आफ्ना दीनहीन नागरिकको पीर चिन्ता कदापि छैन तर मुठीभर अनैतिक, अराजक, माफिया र व्यापारीको मुनाफाको चिन्ता र चासो धेरै छ । स्वास्थ्य अवस्थाको डामाडोल स्थितिको खासै वास्ता छैन तर शिक्षा र स्वास्थ्यमा अनधिकृत व्यापार गर्न, अकुत सम्पत्ति आर्जन गर्ने लाइसेन्स जथाभावी दिने विषयमा विशेष ध्यान छ । हामी १२ वर्षदेखि अनवरत आन्दोलनमा छौं । सबै प्रदेशमा सरकारी मेडिकल कलेज र अस्पताल होस् र हुनुपर्छ भनेर सम्झौता गरिएको छ । तर सरकार त्यसतर्फ आफ्नो ध्यान दिन मान्दैन र अनेक बहानामा सम्झौतालाई रद्दीको टोकरीमा फ्याक्न उद्यत् छ ।

तीन करोड नेपालीको स्वास्थ्यको चिन्ता र चासोभन्दा मुठीभर माफियाको फाइदा र मुनाफालाई सरकार आफ्नो प्राथमिकतामा राख्छ फलस्वरूप एक दशक बढी समयदेखिको प्रतिबद्धता कार्यान्यवन हुन सकिरहेको छैन । नेपालमा पढाइ सञ्चालन भइरहेका मेडिकल कलेजहरू: २१, प्रतिष्ठान ३ गरी २४ वटा रहेका । जसमा चार वटा मात्र सरकारी छन् । गोविन्द केसीको सत्याग्रहको उद्देश्य अधिकतम मेडिकल कलेजहरू सरकारी हुन् र जसमा गुणस्तर र सर्वसुलभ शिक्षा र स्वास्थ्य आम नागरिकको लागि सहज होस् भन्ने रहेको पाइन्छ । २०७१ चैत १९ गते डा. केसीको पाँचौं अनशन तोडाउन आगामी पाँच वर्षमा देशको पाँच स्थानमा कम्तीमा एक-एक सरकारी मेडिकल कलेज खोल्ने नीति लिने सहमति गरेको थियो । उक्त सहमति वर्तमान सरकारले पालन गर्नु वाञ्छनीय हुन्छ ।

विधेयकले १० वर्षभित्र चिकित्सासम्बन्धी शिक्षण संस्थालाई गैरनाफामूलक र सेवामूलक हुने व्यवस्था गरिनाका साथै गैरनाफामूलक शिक्षण संस्थाका सम्बन्धमा सम्बन्धित शिक्षण संस्थाले सरकारलाई सम्पत्ति हस्तान्तरण गर्न चाहेमा सरकारले उचित मुआब्जा दिई स्वामित्व ग्रहण गर्न सक्ने प्रावधानसमेत राखिएको छ । तर यसबारे नयाँ सरकार उदासीन बन्न मिल्दैन ।

जब कांग्रेसका निवर्तमान सांसद चन्द्र भण्डारी ग्यास जलनमा परे तबदेखि उनी निरन्तर जनताको स्वास्थ्यको हकको कुरा गरिरहेका छन् । कांग्रेस नेता चन्द्र भण्डारी भन्छन्: 'एउटा बिरामीको समाजवाद भनेको बिरामी हुँदा औषधोपचार पाउने हक हो ।' हरेक नेता र पार्टीले यस्तो प्रतिबद्धता कार्यान्वयन गर्न पहल गरुन् । केही मान्छेहरू तर्क गर्छन् : स्वास्थ्य सेवा निःशुल्क दिन सकिँदैन र दिनु हुँदैन । 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन' भन्ने संवैधानिक व्यवस्थाविरुद्ध आपत्ति प्रकट गरिनु आफैंमा कल्याणकारी राज्यको अवधारणा र संविधानको सामाजिक न्यायमुखी भावनाप्रतिको असहमति हो । स्वास्थ्यलाई मौलिक अधिकारका रूपमा स्वीकार गरिसकेपछि त्यसको कार्यान्वयन राज्यको वैकल्पिक उदारता होइन, संवैधानिक दायित्वको विषय बन्छ ।

नेपालमा स्रोत अभावभन्दा पनि प्राथमिकताको संकट गम्भीर देखिन्छ । भ्युटावर, स्वागतद्वार, अनुत्पादक संरचना वा प्रतीकात्मक परियोजनामा ठूलो सार्वजनिक खर्च गर्ने प्रवृत्तिले स्वास्थ्य तथा शिक्षाजस्ता आधारभूत क्षेत्रमा आवश्यक लगानी सीमित बनाएको छ । यथोचित नीति-प्राथमिकता निर्धारण गरिएको भए सरकारी मेडिकल कलेज, अस्पताल तथा आधारभूत स्वास्थ्य संरचनाको विस्तारका लागि आवश्यक स्रोत व्यवस्थापन असम्भव थिएन । यस सन्दर्भले नेपाली राज्यव्यवस्थाभित्र दीर्घकालीन योजना, क्षमता मूल्यांकन तथा निःस्वार्थ सार्वजनिक प्रतिबद्धताको अभावलाई उजागर गर्छ ।

'समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# फेरि बढ्यो इरान-अमेरिका तनाव, बन्दर अब्बासमा विस्फोटपछि अमेरिकी एयर बेसमा हमला

***तेहरान-*** इरान र अमेरिकाबीच एकपटक फेरि तनाव बढेको छ, तर अहिलेसम्म दुवै देशले युद्धविराम समाप्त भएको घोषणा गरेका छैनन्। इरानी सञ्चारमाध्यमका अनुसार चारवटा जहाज हर्मुज स्ट्रेटबाट जाँदै गर्दा गोली हानिएको छ। तीमध्ये एक अमेरिकी तेल ट्यांकर पनि थियो। यी जहाजहरूले आफ्नो ट्र्याकिङ सिस्टम बन्द गरेर गइरहेका थिए ।

इरानी रिभोल्युसनरी गार्ड (आईआरजीसी) ले जहाजहरूलाई पहिचान बताउन भनेको थियो, तर जवाफ आएन। त्यसपछि इरानी सेनाले चेतावनीस्वरूप गोली चलाएको थियो । रिपोर्टहरू अनुसार, त्यसपछि अमेरिकी सेनाले बन्दर अब्बास एयरपोर्ट नजिकै तीन ठाउँमा हमला गरेको छ। यसैबीच इरानको इस्लामिक रिभोल्युसनरी गार्ड कोर्प्स (आईरजीसी) ले एक अमेरिकी एयरबेसमा हमला गरेको जनाएको छ। आईआरजीसीका अनुसार यो हमला बन्दर अब्बास एयरपोर्ट नजिक अमेरिकाले गरेको हमलाको जवाफमा गरिएको हो ।

यद्यपि, इरानले कुन आधारमा कुन एयर बसेमा हमला गरेको हो भन्ने खुलाएको छैन। इरानी सेनाले कुवेतमा रहेको अमेरिकी बेसलाई निशाना बनाएको बताइएको छ।



तस्नीम न्यूज एजेन्सीका अनुसार, आईआरजीसीले वक्तव्य जारी गर्दै जुन एयरबेसबाट अमेरिकी हमला भएको थियो, त्यसलाई स्थानीय समयअनुसार बिहान ४:५० बजे निशाना बनाइएको थियो ।

***बन्दर अब्बासनजिक तीन विस्फोट***

इरानी सरकारी मिडियाका अनुसार, हर्मुज स्ट्रेटनजिकैको बन्दर अब्बास शहरको पूर्वी भागमा मंगलबार बिहान तीनवटा ठूला विस्फोटको आवाज सुनिएको थियो। विस्फोटलगत्तै इरानले केही समयका लागि आफ्नो एयर डिफेन्स सिस्टम सक्रिय पारेको थियो । तर विस्फोट किन भएको हो भन्ने अझै स्पष्ट भएको छैन ।

***ओमानलाई उडाउने धम्की***

उता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हर्मुज स्ट्रेटबारे ठूलो बयान दिएका छन् । उनले यो अन्तर्राष्ट्रिय समुद्री मार्ग कुनै एक देशको नियन्त्रण हुन नसक्ने बताएका छन् ।

'दुनियाका सबै जहाजहरूलाई यहाँबाट आवतजावत गर्ने स्वतन्त्रता हुनुपर्छ। हामी यसमा निगरानी राख्छौं, तर कसैले पनि यसलाई नियन्त्रण गर्न पाउने छैन', उनले भने 'इरानले यसलाई नियन्त्रण गर्न खोजेको छ, तर त्यो हुन दिइने छैन। यो अन्तर्राष्ट्रिय जलक्षेत्र हो । ओमानले पनि अन्य देशहरू जस्तै व्यवहार गर्नुपर्छ, होइन भने हामीलाई उसलाई उडाउनु पर्ने हुन सक्छ ।'उता इरानको परमाणु कार्यक्रमबारे ट्रम्पले स्पष्ट रुपमा परमाणु हतियार राख्न नदिने बताएका छन्। उनको भनाइ छ, 'यदि इरानसँग परमाणु हतियार आयो भने उसले त्यसको प्रयोग गर्न सक्छ।' अमेरिकी विदेशमन्त्री मार्को रुबियोले पनि अमेरिका पहिले वार्ताबाट समाधान निकाल्न चाहेको बताए, तर इरानले कहिल्यै पनि परमाणु हतियार नपाउने उनको मत छ ।

उता ट्रम्पले इरानबारे कडा बयान दिँदै अहिले पनि इरानसँग सम्झौता गर्न तयार रहेको बताए । तर सम्झौता पूर्ण रूपमा अमेरिकाको शर्तअनुसार मात्र हुने उनको जिकिर छ । ट्रम्पले हालको तनाव र कारबाहीपछि इरान निकै कमजोर भएको बताए । 'इरानको नौसेना र वायुसेनालाई ठूलो क्षति पुगेको छ। इरानको अर्थव्यवस्था पनि अत्यन्त खराब अवस्थामा छ । त्यहाँ महँगी अत्यधिक बढेको छ । देशको मुद्राको मूल्य लगातार घटिरहेको छ', उनले भनेका छन्।

# रास्वपा कार्यकर्ताबीच जिल्लादेखि पालिकास्तरसम्म कुटाकुट

***बारा, १४ जेठ***

सरकारको नेतृत्व गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बारामा अहिले सांसद र संस्थापन पक्षबीच चरम गुटबन्दी देखिएको छ ।

चरम गुटबन्दीका कारण जिल्लादेखि पालिकास्तरसम्मका भेलामा सांसद पक्ष र संस्थापन पक्षका कार्यकर्ताबीच कुटाकुट भएका घटना सार्वजनिक भइरहेका छन् ।

आगामी स्थानीय तहको निर्वाचनमा उम्मेदवार बनाउने र बन्ने विषयलाई लिएर संस्थापन पक्षले आफूअनुकूल समिति चयन गर्न खोजेको छ भने सांसदहरूले आफूअनुकूल स्थानीय तहमा समिति चयन गर्न खोज्दा झडप हुने गरेको रास्वपाका कार्यकर्ताहरूले बताएका छन् ।

जेठ १३ गते राष्ट्रिय स्वतन्त्र पार्टीले बाराको पचरौता नगरपालिकास्तरीय तदर्थ समिति गठन गर्न बोलाएको कार्यकर्ता भेलामै विवाद हुँदा संस्थापन र सांसद पक्षका कार्यकर्ताबीच कुटाकुट भएको छ ।

संस्थापन पक्षले तदर्थ समितिको सभापति धनश्याम चौधरीलाई बनाउने प्रस्ताव गरेको थियो भने सांसद पक्षले इन्दु यादवलाई तदर्थ समितिको सभापति बनाउन प्रस्ताव गरेपछि विवाद सुरु भएको थियो ।

संस्थापन तथा जगेजी समूहले चौधरीलाई सभापतिमा चयन गर्न दबाब दिन थालेपछि केन्द्र, प्रदेश र सांसदबाट भेलाका लागि खटाइएका प्रतिनिधिले त्यसलाई अस्वीकार गरेपछि दुई समूहबीच कुटाकुट सुरु भएको कार्यकर्ताहरूले बताएका छन् ।

पालिकास्तरीय भेला कार्यविधिअनुसार भेलामा उपस्थितहरूलाई निर्वाचनमा सहभागी गराएर मात्रै सभापति चयन गर्नुपर्ने व्यवस्था गरिए पनि पचरौता नगरपालिकामा संस्थापन पक्षलाई बाहिर राखी भेलाबाट नभई लुकेर सभापति चयन गरिएको आरोप लगाइएको छ ।

भेलामा सांसद चन्दन सिंहका तर्फबाट प्रतिनिधिमा श्याम गुप्ता, प्रभु पटेल, केन्द्रीय प्रतिनिधिका रूपमा केदार साह तेली तथा प्रदेश समितिबाट विनोद यादव खटिएका थिए ।



सांसदका प्रतिनिधि, केन्द्रीय प्रतिनिधि र प्रदेश प्रतिनिधि मिलेर कार्यकर्ताहरूको भावनाविपरीत कार्यक्रम स्थलबाट भागेर रातिको समयमा इन्दु देवी यादवको नेतृत्वमा तदर्थ समिति बनाएको आरोप संस्थापन पक्षका धनश्याम चौधरीले लगाएका छन् ।

विवादबीच तदर्थ समितिको सभापतिमा चयन भएकी इन्दु देवी यादव २०७४ सालको स्थानीय तह निर्वाचनमा मधेसवादी दलबाट उपप्रमुखमा निर्वाचित भएकी थिइन् । रास्वपाको मधेस प्रदेश समितिबाट प्रतिनिधिमा खटाइएका विनोद यादव उनका श्रीमान् भएकाले समेत पुराना कार्यकर्तालाई पाखा लगाएर गोप्य रूपमा तदर्थ समितिको सभापति बनाइएको आरोप चौधरीले लगाएका छन् ।

जेठ १३ गते नै कलैया उपमहानगरपालिका स्तरीय तदर्थ समिति बनाउन कलैयामा भएको भेला पनि संस्थापन र सांसद पक्षका कार्यकर्ताबीच विवाद भएपछि सभापति चयन हुन नसकेको अवस्था छ ।

भेलामा संस्थापन पक्षबाट उमाशंकर रौनियार र सांसद पक्षबाट बब्लु गिरीलाई तदर्थ समितिको सभापति बनाउन प्रयास गरिएको थियो । भेलाका लागि केन्द्रीय प्रतिनिधिमा राधिका न्यौपानेलाई खटाइएको थियो । दुई पक्षबीच विवाद बढ्दै गएपछि अन्ततः तदर्थ समितिको उपसभापतिमा अजय साहलाई चयन गरेर तदर्थ समिति बनाइएको बताइएको छ ।

गत जेठ ९ गते राष्ट्रिय स्वतन्त्र पार्टीको विस्तारित बैठकमै सांसद र संस्थापन पक्षबीच झडप हुँदा दुई पालिका सभापति घाइते भएका थिए ।

कलैया स्थित करणराज पार्टी प्यालेसमा आयोजित विस्तारित बैठकमा सांसद र पुराना कार्यकर्ताबीच झडप भएको थियो ।

झडपमा रास्वपाका महागढीमाई नगरसभापति विक्रम यादव, सिम्रौनगढ नगर सभापति साहेब अन्सारीलगायत तीन जना घाइते भएका थिए ।

संस्थापन पक्षका अनुसार उनीहरूको कलैया प्रादेशिक अस्पतालमा उपचार गरिएको थियो ।

बैठकमा सहभागी भएका सांसदहरूले आफ्ना गुण्डा लिएर आएको र पुराना कार्यकर्तामाथि हातपात गर्न सुरु गरेपछि साथीहरूले प्रतिवादमा उत्रनुपरेको महागढीमाई नगरपालिकाका सभापति विक्रम यादवले आरोप लगाएका थिए ।

आगामी स्थानीय तहको निर्वाचनका लागि सांसदहरूले पहिल्यै पार्टीबाट बन्ने उम्मेदवारहरूको टिकट बिक्री गरेको थाहा पाएर त्यसको जवाफ पुराना नेता-कार्यकर्ताले माग्न खोज्दा उल्टै उनीहरूमाथि प्रहरी र गुण्डा लगाएर कुट्न खोजिएको यादवले बताए ।

प्रतिनिधि सभा सदस्य निर्वाचनको बेलामा रास्वपा प्रवेश गरेर निर्वाचित बनेका सांसदहरू र संस्थापक जिल्ला सभापतिबीच केही दिनदेखि विवाद चल्दै आएको थियो ।

सांसदहरूले बारामा आफ्नो प्रभाव देखाउनका लागि संस्थापक जिल्ला अध्यक्ष चन्दन स्वर्णकारको साधारण सदस्यता समेत खारेज गराएपछि रास्वपा बाराका संस्थापक पदाधिकारी र कार्यकर्ताहरू त्यसको विरोध गर्दै ठाउँ-ठाउँमा झडपमा उत्रिएका छन् ।

जिल्लामा देखिएको विवाद मिलाउनका लागि रास्वपा पार्टीले केन्द्रीय प्रतिनिधिमा कामनी चौधरीलाई पठाएर विस्तारित बैठक राखेको थियो ।

रास्वपा बारा-१ का सांसद गणेश धिमाल, बारा-२ का चन्दन सिंह, बारा-३ का अरविन्द साह र बारा-४ का रहबर अन्सारी तथा रास्वपाले बारामा खटाएका केन्द्रीय प्रतिनिधि कामनी चौधरी विस्तारित बैठक छोडेर भाग्नुपरेको थियो ।

बैठकबाट भागेका सांसदहरू र रास्वपाका प्रतिनिधि कलैयाको बरेवा दरबार होटलमा पुगेर बसेका थिए । दरबार होटलमै पत्रकार सम्मेलन गरेर बारा-१ का सांसद गणेश धिमाल, बारा-२ का चन्दन सिंह र बारा-३ का अरविन्द साहले विस्तारित बैठकमा केही नभएको र सञ्चार माध्यमहरूले सांसद कुटिएको कुराको अफवाह फैलाएको आरोप लगाएका थिए ।

ठाउँ-ठाउँमा रास्वपाका सांसद पक्ष र संस्थापन पक्षबीच कुटाकुट भइरहे पनि सांसदहरूले कुनै विवाद नभएको भन्दै तर्क गर्दै हिँडिरहेका छन् । सँम्भारः नागरिक दैनिकबाट

## दशगजामा.....

व्यवस्थापन तथा सुरक्षा संवेदनशीलतामा समेत प्रश्न उठ्न सक्ने सरोकारवालाहरू बताउँछन् । यस्ता विषयलाई समयमै समाधान नगरे स्थानीय परम्परा र कानुनी व्यवस्थाबीच द्वन्द्व बढ्न सक्ने चेतावनी समेत दिइएको छ ।

स्थानीयवासीहरूको माग स्पष्ट छ– नेपालतर्फ सुरक्षित, व्यवस्थित र स्थायी श्मशान घाट निर्माण गरियोस्, ताकि नागरिकले मृत्यु पछि पनि आफ्नो देशमै सम्मानपूर्वक अन्तिम संस्कार पाउन सकून् ।

मटिअर्वाको यो पीडाले एउटा गम्भीर प्रश्न उठाएको छ–

राज्यले नागरिकलाई जीवनभर सेवा दिन नसके पनि, कम्तीमा मृत्युपछि सम्मानजनक बिदाइको व्यवस्था गर्नुपर्ने होइन र ?

## लालबकैया.......

भार बोकेका टिपरका कारण समनपुर घाटस्थित बागमती पुल समेत जोखिममा परेको छ। अत्यधिक भारले गर्दा पुलको संरचना कमजोर बन्दै गएको र सडकहरू समेत क्षतिग्रस्त हुन थालेका छन्। अनियन्त्रित दोहनले वातावरणीय सन्तुलन बिग्रनुका साथै खेतीपाती र जनजीवनमा समेत प्रत्यक्ष असर पर्न थालेको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन् ।

नदी अनुगमनको जिम्मेवारी पाएको जिल्ला समन्वय समिति रौतहट यतिबेला निष्कृय र मुकदर्शक बनेको आरोप लागेको छ । यद्यपि जिल्ला प्रशासन कार्यालय रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालले अवैध उत्खननबारे गुनासो प्राप्त भएको स्वीकार गरेका छन् । उनले केही दिनभित्रै स्थलगत अनुगमन गरी कारबाही प्रक्रिया अघि बढाउने बताए ।

त्यस्तै मधेस प्रदेश प्रहरी प्रमुख डिआइजी गोबिन्द थपलिया र सशस्त्र प्रहरीका डिआइजी कृष्ण ढकालले पनि अवैध उत्खनन रोक्न मातहतका निकायलाई कडा निर्देशन दिएको बताएका छन्। उनीहरूले यदि प्रहरीकै संलग्नता पुष्टि भए कसैलाई नछोड्ने र विभागीय कारबाही गर्ने चेतावनी समेत दिएका छन् ।

## परोहाका............

स्वतन्त्र सांसद प्रत्याशी फिरोज अख्तरले विद्यालयलाई नयाँ पुस्ता र नयाँ सोचभन्दा पनि पुरानै संरचना र मिलिभगतमा कमाई खाने भाँडो बनाउन खोजिएको आरोप लगाउनुभएको छ । उहाँका अनुसार विद्यालयमा देखिएको यो गतिरोध अन्त्यका लागि दलीय स्वार्थभन्दा माथि उठेर शैक्षिक विकासमा ध्यान दिने प्रतिनिधि चयन हुनु अनिवार्य छ ।

लामो समयसम्म विव्यस गठन नहुनुले परोहा नगरपालिकाको शैक्षिक साखमाथि मात्र होइन सयौं विद्यार्थीको भविष्यमाथि पनि प्रश्नचिह्न खडा गरेको छ । सम्बन्धित निकाय र विद्यालय प्रशासनले यस विषयमा तत्काल गम्भीर कदम चाल्न जरुरी देखिएको छ ।

## निर्माणस्थलमै......


प्राविधिक परीक्षणबिनै निर्माण अघि बढाउने प्रवृत्तिले यस्ता दुर्घटना दोहोरिने गरेको उनीहरूको भनाइ छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेत ले घटनाबारे थप अनुसन्धान भइरहेको जानकारी दिएका छन् । प्रहरीले आवश्यक सोधपुछका लागि घरधनी अग्रवालका छोरालाई नियन्त्रणमा लिएको जनाएको छ ।

सीतादेवीको मृत्यु केवल एउटा दुर्घटना होइन, निर्माण क्षेत्रमा श्रमिक सुरक्षाप्रतिको कमजोर संवेदनशीलताको कठोर उदाहरण बनेको स्थानीयको टिप्पणी छ ।

दैनिक ज्यालादारी गरेर जीवन धान्ने श्रमिकहरू विकास निर्माणका आधार हुन् ।

तर उनीहरूकै सुरक्षालाई बेवास्ता गरिँदा निर्माणस्थलहरू रोजगारीको ठाउँभन्दा बढी जोखिमको थलो बन्दै गएको देखिन्छ ।



**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# कुखुरा फार्ममा आगलागीः ३ लाखको क्षति



*शु. आ. सम्बाददाता*
*रौतहट, १४ जेठ*

जिल्लाको गढीमाई नगरपालिका वडा नं. ९ स्थित एक कुखुरा फार्ममा बिहीबार दिउँसो आगलागी हुँदा लाखौँको क्षति भएको छ।


गढीमाई-९ मलाही टोल बस्ने सुमिन्द्र सहनीले सोही नगरपालिकाको चिलमिलिया टोलमा संचालन गर्दै आएको कुखुरा फार्ममा दिउँसो करिब ४:३० बजेको समयमा अचानक आगलागी भएको हो। बिजुलीको तार सर्ट भएर सुरु भएको आगोले फुसले छाएको र बाँसको घेराबेरा भएको फार्मलाई पूर्ण रूपमा नष्ट गरेको छ।

आगलागी भएको खबर प्राप्त हुनासाथ प्रहरी चौकी बरियारपुरबाट प्रहरी सहायक निरीक्षक बिरेन्द्र यादवको कमाण्डमा प्रहरी टोली घटनास्थल पुगेको थियो । प्रहरी र स्थानीय बासिन्दाको अथक प्रयासपछि आगो पूर्ण रूपमा नियन्त्रणमा लिइएको छ। घटनास्थल प्रहरी चौकीबाट करिब २ किलोमिटर उत्तर-पश्चिम दूरीमा पर्दछ । प्रहरीको प्रारम्भिक मुचुल्का अनुसार आगलागीबाट फार्म र भित्र रहेका काठका फर्निचरहरू जलेर पूर्ण रूपमा नष्ट भएका छन् । फार्ममा हाल कुखुराहरू नभएका कारण ठूलो पक्षी क्षति हुनबाट जोगिएको छ।

अनुमानित आर्थिक क्षतिः करिब रु. ३,००,०००/- तीन लाख रुपैयाँ भएको हो ।

विद्युत सर्ट भई हुने यस्ता आगलागीका घटनाप्रति सचेत रहन र फार्महरूमा अग्नि सुरक्षाका उपायहरू अपनाउन स्थानीय प्रशासनले आग्रह गरेको छ।

# सात वर्षपछि मधेसलाई उद्योग अधिकारः मन्त्री कनिश पटेलको पहलले खुल्यो नयाँ ढोका




*शु.आ. सम्बाददाता*
*बारा, १४ जेठ*

मधेस प्रदेशमा उद्योग प्रशासन अब संघीय कार्यालयको भर पर्नुपर्ने अवस्था अन्त्यतर्फ उन्मुख भएको छ। लामो समयदेखि अल्झिएको अधिकार हस्तान्तरणको विषय अन्ततः टुंगोमा पुगेपछि प्रदेश सरकारभित्र उत्साह थपिएको छ ।

मधेस प्रदेश सरकारका उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री कनिश पटेल को निरन्तर पहलपछि २५ करोड रुपैयाँसम्म स्थिर पूँजी भएका उद्योगहरूको दर्ता, नवीकरण, नियमन तथा प्रशासनसम्बन्धी अधिकार प्रदेश सरकार मातहत आउने प्रक्रिया औपचारिक रूपमा अघि बढेको हो । संघीयता कार्यान्वयनपछि पनि व्यवहारमा लागू हुन नसकेको यो अधिकार सात वर्षसम्म रोकिएको थियो । तर मन्त्री पटेलले यस विषयलाई प्राथमिकतामा राख्दै संघीय सरकारसँग पटक-पटक समन्वय गरेपछि अन्ततः उद्योग विभागले सम्बन्धित फाइल तथा अधिकार प्रदेश उद्योग मन्त्रालयलाई हस्तान्तरण गर्ने निर्णय गरेको बताइएको छ ।

औद्योगिक व्यवसाय ऐन २०७६ मा गरिएको व्यवस्थाअनुसार अब ठूला उद्योग बाहेक अधिकांश उद्योगसम्बन्धी सेवा प्रदेशस्तरबाटै उपलब्ध हुनेछन्। यसले उद्योगी व्यवसायीलाई काठमाडौं धाउनुपर्ने बाध्यता कम हुने अपेक्षा गरिएको छ ।

प्रदेश सरकारका अधिकारीहरूका अनुसार अब उद्योग दर्ता र नवीकरण प्रक्रिया छिटो, सहज र पारदर्शी बन्नेछ । यससँगै स्थानीय लगानी प्रोत्साहन, रोजगारी सिर्जना तथा प्रदेशको आन्तरिक राजस्व वृद्धिमा समेत सकारात्मक प्रभाव पर्ने विश्वास गरिएको छ ।

विशेषगरी मधेस प्रदेशमा उद्योगमैत्री वातावरण निर्माणका लागि यो निर्णयलाई कोसेढुंगा मानिएको छ । संघीयताको मर्मअनुसार प्रदेशलाई अधिकार सम्पन्न बनाउने दिशामा यो उपलब्धि महत्वपूर्ण रहेको विश्लेषण भइरहेको छ ।

राजनीतिक तथा औद्योगिक वृत्तमा मन्त्री कनिश पटेल ले लामो समयदेखि रोकिएको विषयलाई निष्कर्षमा पुऱ्याएर परिणाममुखी नेतृत्व प्रस्तुत गरेको चर्चा भइरहेको छ। प्रदेश अधिकारको सवालमा देखिएको सक्रियता र निरन्तर दबाबकै कारण मधेसले व्यवहारिक संघीयताको एउटा महत्वपूर्ण उपलब्धि हासिल गरेको टिप्पणी समेत हुन थालेको छ।

# निर्माणस्थलमै मजदुरको मृत्यु : सुरक्षा लापरबाहीमाथि फेरि उठ्यो गम्भीर प्रश्न



*पर्सा, १४ जेठ*

घर निर्माण भइरहेको थियो, मजदुरहरू दैनिकजस्तै काममा व्यस्त थिए। तर केही सेकेन्डमै निर्माणस्थल दुर्घटनास्थलमा बदलियो । वीरगन्ज महानगरपालिका-६ मा निर्माणाधीन घरको पर्खाल भत्किँदा एक महिला मजदुरको ज्यान गएको घटनाले निर्माण क्षेत्रमा श्रमिक सुरक्षाको अवस्था फेरि प्रश्नको घेरामा परेको छ ।

मृत्यु हुनेमा परवानीपुर गाउँपालिका-४ निवासी ३२ वर्षीया सीतादेवी मुसहर रहेकी छन् । उनी दैनिक ज्यालादारी गरेर परिवार पाल्दै आएकी मजदुर थिइन् ।

प्रहरीका अनुसार ओम अग्रवालको निर्माणाधीन नयाँ घरमा बिहीबार दिउँसो अचानक इट्टाको पर्खालसँगै माथिल्लो भाग (टप) भत्किएर खसेको थियो । सोही क्रममा काम गरिरहेकी सीता भग्नावशेषमा च्यापिएकी थिइन् । घटनापछि अन्य मजदुर र स्थानीयले तत्काल उद्धार गरी उनलाई उपचारका लागि नारायणी अस्पताल पुऱ्याएका थिए। तर चिकित्सकले उनलाई मृत घोषणा गरेका हुन्।

घटनापछि निर्माणस्थलको सुरक्षा व्यवस्थामाथि गम्भीर प्रश्न उठेको छ । निर्माण क्षेत्रमा काम गर्ने मजदुरहरूका लागि सुरक्षा मापदण्ड कति पालना हुन्छ ? जोखिमयुक्त संरचनामा काम गराउँदा प्राविधिक निगरानी हुन्छ कि हुँदैन ? यस्ता प्रश्न फेरि सतहमा आएका छन् ।

विशेषगरी दैनिक ज्यालादारीमा काम गर्ने श्रमिकहरू न्यून पारिश्रमिकमा जोखिमपूर्ण वातावरणमा काम गर्न बाध्य हुने अवस्था अझै कायम रहेको श्रमिक अधिकारकर्मीहरू बताउँछन् । सुरक्षा उपकरणबिनै काम गराउने, कमजोर संरचनामा काम लगाउने तथा

*बाँकी तेश्रो पृष्ठमा*


## श्री माध्यमिक बिधालय पेटभर्वा रौतहट

फतुवा बिजयपुर न.पा-६ मधेश प्रदेश. रौतहट (नेपाल)
स्था-२०४९
**Shree Secondry School Petbharwa, Rautahat**
Phatuwa Bijaypu–6 Petbharwa, Madhesh Province, Rautahat (Nepal)
Estd: 2049

**बिषयः-शिलबन्दी बोलपत्र ठेक्का सम्बन्धि १५ दिने सुचना ।**

मितिः२०८३/०२/१३

उपरोक्त सम्बन्धमा यस बिधालयको बिधालय व्यवस्थापन समितिको मिति २०८३/०२/११ गतेको बैठक निर्णय अनुसार बिद्यालय कम्पाउन्डको वरिपरि रहेको सपेता (मसला) १२२ थान (एक सय बाईस) थान बोलपत्र बढाबढमा बिक्री गर्नु पर्ने भएकोले तपसिलको सेवा तथा शर्त अनुसार बिद्यालयको प्रशासन शाखामा बोलपत्र खोल्ने भएकोले ईच्छुक फर्म, कम्पनी, संघ संस्था, ब्यक्तिहरुले सुचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिन भित्र बोलपत्र शिलबन्दी दर्ता गराउन प्रथम पटक सबैमा जानकारीको लागी यो सुचना प्रकाशन गरिएको छ ।

तपसिलका शर्तहरुः-

१. ठेक्का नम्बर ०१/२०८२/०८३
२. शिलबन्दी दर्ता हुने मिती र समयः- २०८३/०२/२७ समय २:१५ बजे।
३. शिलबन्दी बोलपत्र खोल्ने समय दिउँसो :- ३:३० बजे।
४. न्युतम रकम रु.५,००,००० (पाँच लाख) मात्र हुनेछ।
५. आफुले कबुल अंक गरेको रकमको १०% प्रतिशत धरौटी रकम यस बिद्यालयको नाउँमा रहेको राष्ट्रिय बाणिज्य बैंक खाता नम्बर १२१०१००००८२८००१मा रकम जम्मा गरेको सक्कलै बैंक भौचर समेत बोलपत्र फारम साथ संलग्न गरी पेश गर्नु पर्ने छ।
६. फर्म, कम्पनी, संघ संस्था, ब्यक्तीहरुको प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।
७. प्यान नम्बर/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।
८. आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।
९. रिक्त पुर्वक कागजात प्रमाण बोलपत्र फारम संग संलग्न नगरेको पाएमा बोलपत्र फारम रद्ध गरिनेछ ।
१०. यस शिलबन्दी ठेक्कामा उल्लेखित भए गरेको बमोजिम हुने तथा उल्लेख नभएको कुरामा प्रचलित आर्थिक खरिद ऐन नियम बमोजिम हुनेछ ।
११. निवेदन दर्ता दस्तुर शुल्क रू.१००० ।- (एक हजार मात्र) हुनेछ।

सम्पर्कः मोबाईल नम्बरः ९८०७२५५२४० / ९८०४२२२५५८

प्रधानाध्यापक
राधेश्याम प्रसाद यादव


# विकासको गतिमा नयाँ सन्देश : मन्त्री महम्मद समीरको कडा निर्देशनपछि पूर्वाधार क्षेत्रमा बढ्यो आशा



*शु.आ. सम्बाददाता*
*बारा, १४ जेठ*

मधेश प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री माननीय महम्मद समीरले प्रदेशका आठवटै जिल्लाका पूर्वाधार विकास कार्यालय प्रमुखहरूसँग उच्चस्तरीय समीक्षा बैठक गर्दै विकास निर्माणका कामलाई तीव्र, पारदर्शी र जनमुखी बनाउन स्पष्ट तथा कडा निर्देशन दिनुभएको छ। मन्त्रालयमा बुधबार सम्पन्न उक्त बैठकलाई मधेश प्रदेशको पूर्वाधार विकास क्षेत्रमा नयाँ सन्देशका रूपमा हेरिएको छ।

बैठकमा मन्त्री समीरले आर्थिक वर्ष ०८२/०८३ अन्तर्गत सञ्चालनमा रहेका योजनाहरूलाई निर्धारित समयभित्र गुणस्तरीय ढंगले सम्पन्न गर्न निर्देशन दिँदै अब जनताले प्रत्यक्ष रूपमा विकास र सुशासनको अनुभूति गर्ने गरी काम गर्नुपर्ने बताउनुभयो । उहाँले विगतमा देखिएको ढिलासुस्ती, कमजोर अनुगमन तथा निर्माण कार्यमा हुने लापरवाहीप्रति असन्तुष्टि व्यक्त गर्दै अब परिणाममुखी कार्यशैली आवश्यक रहेको स्पष्ट पार्नुभयो।

"सरकारप्रति जनताको विश्वास विकासको गति र कामको गुणस्तरले तय गर्छ, त्यसैले कुनै पनि योजना अलपत्र पर्ने अवस्था आउनु हुँदैन," मन्त्री समीरको भनाइ उद्धृत गर्दै सहभागीहरूले बताएका छन्।

बैठकमा आगामी आर्थिक वर्ष ०८३/०८४ का योजनाबारे समेत विस्तृत छलफल भएको थियो। मन्त्री समीरले योजना छनोट गर्दा पहुँच, दबाब वा प्रभावका आधारमा होइन, जनताको वास्तविक आवश्यकता र क्षेत्रगत प्राथमिकतालाई केन्द्रमा राख्न निर्देशन दिनुभयो ।

उहाँले सडक, पुल, भवन लगायतका पूर्वाधार योजनालाई दिगो, सुरक्षित र दीर्घकालीन उपयोगी बनाउने गरी कार्ययोजना तयार गर्नुपर्नेमा विशेष जोड दिनुभयो ।

त्यसैगरी निर्माण व्यवसायी, प्राविधिक कर्मचारी र सम्बन्धित निकायबीच प्रभावकारी समन्वय अभावका कारण कतिपय योजना प्रभावित हुने गरेको उल्लेख गर्दै मन्त्री समीरले अब नियमित अनुगमन, जवाफदेहिता र पारदर्शितालाई अनिवार्य बनाइने स्पष्ट पार्नुभयो।

अधुरा तथा वर्षौंदेखि रोकिएका योजनाहरूलाई प्राथमिकताका साथ सम्पन्न गर्न निर्देशन दिँदै उहाँले मधेश प्रदेशलाई पूर्वाधार विकासको हिसाबले उदाहरणीय प्रदेश बनाउने लक्ष्यसहित मन्त्रालय अघि बढिरहेको बताउनुभयो । बैठकमा सहभागी आठवटै जिल्लाका कार्यालय प्रमुखहरूले आफ्ना जिल्लामा सञ्चालित योजनाको वर्तमान अवस्था, चुनौती तथा आगामी कार्ययोजनाबारे जानकारी गराएका थिए । मन्त्री समीरले जनताको अपेक्षाअनुसारको सेवा र विकास दिन कर्मचारी संयन्त्र अझ जिम्मेवार, सक्रिय र उत्तरदायी बन्नुपर्ने धारणा राख्नुभएको थियो।

मन्त्री समीरको सक्रियता र स्पष्ट कार्यदिशाले मधेश प्रदेशको विकास निर्माण क्षेत्रमा नयाँ ऊर्जा थपिएको चर्चा प्रशासनिक तथा राजनीतिक वृत्तमा हुन थालेको छ। प्रदेश सरकार अब केवल घोषणा होइन, परिणाम दिने दिशातर्फ अघि बढ्न खोजेको संकेत यस बैठकले दिएको विश्लेषण गरिएको छ ।


**फतुवा विजयपुर नगरपालिका द्वारा जनहितमा जारी सन्देश**

- नगरपालिका लाई बुझाउनु पर्ने घर, जग्गा कर मालपोत दस्तुर ब्यावसाय कर लगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र ब्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन सहिता नगरपालिकामा नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संर क्षणमा नगरपालिकालाई सहयोग गरौं ।
- आफ्नो घर आँगनबाट उतपन्न हुने फोहोरलाई उचित ब्यवस्थापन गरि सफा र सुन्दर नगरपालिका बनाउन सहयोग गरौं ।

फतुवा विजयपुर नगरपालिकाको कार्यालय लक्ष्मिनिया (दो.) रौतहट

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका